त्रि.वि. द्वारा सम्बन्धन प्राप्त
(Affiliated with Tribhuvan University)
जनज्योति बहुमुखी क्याम्पस
JANAJYOTI MULTIPLE CAMPUS
Accredited by University Grants Commission (UGC), Nepal, (2022)
लालबन्दी, सर्लाही (Lalbandi, Sarlahi)
☎+977 046-501436, 046-501550, 9854043333

चलानी नं.(Ref.No.) : २०८२/०८३ स्था. (Estd.) : २०५७ (2000) मिति (Date) : २०८२/१०/२२

## अन्तर-क्याम्पसस्तरीय निबन्धलेखन प्रतियोगिता सम्बन्धी सूचना

प्रस्तुत विषयमा जनज्योति बहुमुखी क्याम्पस, लालबन्दी, सर्लाहीमा तपसिलको मिति र समयमा अन्तर-क्याम्पसस्तरीय निबन्धलेखन प्रतियोगिता आयोजना गरिएकाले प्रतियोगितामा सहभागी हुन इच्छुक छात्र-छात्रालाई नाम दर्ताको लागि अनुरोध छ।

**तपसिल**

मिति र समय : **२०८२/११/०१ गते शुक्रबार दिनको ०१:०० बजे**
स्थान : **जनज्योति बहुमुखी क्याम्पस, लालबन्दी, सर्लाही**
निबन्धको शीर्षक : **" वातावरण संरक्षणमा नवपुस्ताको भूमिका"**

**नियमहरू**

१. कार्यक्रमस्थलमा प्रतियोगी स्वयम् उपस्थित भएर निबन्ध लेख्नुपर्नेछ। यसका लागि १ घण्टाको समय हुनेछ। निबन्ध लेखनका समयमा मोबाइल वा कुनै लिखित सामग्री प्रयोग गर्न पाइनेछैन।
२. निबन्ध मौलिक र स्वतन्त्र हुनुपर्नेछ।
३. यहाँ लेखिने निबन्ध कुनै पनि पत्रपत्रिका वा सामाजिक सन्जालमा प्रकाशन भएको हनुहुनेछैन।
४. कुनै पनि धर्म, संस्कृति, कला, प्रथा वा सामाजिक संस्कृतिमा नकारात्मक टिप्पणी हुने विषय वा शब्द प्रयोग गर्न पाइनेछैन।
५. राजनीतिक पूर्वाग्रहरहित विश्लेषणात्मक हुनुपर्नेछ।
६. राष्ट्रिय अखण्डता र सामाजिक सद्भावमा खलल पुग्ने विषयवस्तु प्रयोग गर्न पाइनेछैन।
७. निर्णायक मण्डलको निष्पक्ष निर्णय नै मूल्याङ्कनको आधार हुनेछ। हरेक निबन्धलाई कोडिङ गरी मूल्याङ्कन गरिनेछ। यसमा मूलतः निबन्ध लेखन संरचना, भाव, मौलिकता, विश्लेषण शैली, विषयगत ज्ञानको गहिराइ र निबन्धात्मक पक्षलाई हेरिनेछ।
८. निबन्ध कम्तीमा ५०० शब्दको हुनुपर्नेछ।
९. पुरस्कार राशि प्रथम, द्बितीय, तृतीय र सान्त्वनालाई क्रमशः ५०००/-, ३०००/-, २,०००/- र ५००/- हुनेछ।
१०. प्रत्येक सहभागीलाई प्रमाणपत्र प्रदान गरिनेछ।
११. प्रथम, द्बितीय, तृतीय र सान्त्वना पुरस्कार प्राप्त निबन्धलाई स्थानीय पत्रिका, अनलाइन खबर र क्याम्पसको जनज्योति दर्पण तथा साहित्यिक मासिक पत्रिका गोलसिमलमा समेत प्रकाशन गरिनेछ।

.....................
बिरेन्द्र चौधरी
क्याम्पस प्रमुख
Campus Chief